# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०३) पोखरा, भाद्र १९ गते, २०७७ साल (अतिरिक्ताङ्क ०८

## भाग १

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७७ सालको ऐन नं. १०

## गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**ः गण्डकी प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको अध्ययन अनुसन्धान गरी संरक्षण एवं संवर्द्धन गर्नका लागि गण्डकी प्रदेशमा प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कुलपति" भन्नाले दफा १६ बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानको कुलपति सम्झनु पर्छ ।

(ख) "उपकुलपति" भन्नाले दफा १८ बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानको उपकुलपति सम्झनु पर्छ।

(ग) "गण्डकी प्रज्ञा प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको गण्डकी प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "नाट्यकला" भन्नाले नाटक, अभिनय र रङ्गकर्म सम्झनु पर्छ।

(च) "प्रमुख संरक्षक" भन्नाले दफा १४ बमोजिमको प्रमुख संरक्षक सम्झनु पर्छ।

(छ) "प्रज्ञा प्रतिष्ठान" भन्नाले गण्डकी प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ।

(ज) "प्राज्ञ परिषद्" भन्नाले दफा ११ बमोजिमको प्राज्ञ परिषद् सम्झनु पर्छ।

(झ) "प्राज्ञ सभा" भन्नाले दफा ७ बमोजिमको प्राज्ञ सभा सम्झनु पर्छ।

(ञ) "ललितकला" भन्नाले चित्रकला, मूर्तिकला, हस्तकला, शिल्पकला र वास्तुकला सम्झनु पर्छ।

(ट) "सङ्गीत" भन्नाले गायन, सङ्गीत, वादन र नृत्य सम्झनु पर्छ।

(ठ) "संरक्षक" भन्नाले दफा १५ बमोजिमको संरक्षक सम्झनु पर्छ।

(ड) "पदाधिकारी" भन्नाले कुलपति, उपकुलपति, प्राज्ञ सभाका सदस्य-सचिव र प्राज्ञ परिषद्का सदस्य सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रज्ञा प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **गण्डकी प्रज्ञा प्रतिष्ठानको स्थापना**: (१) गण्डकी प्रदेशका भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, संवर्द्धन र विकास गर्नका लागि गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना गरिएको छ।

(२) प्रज्ञा प्रतिष्ठानको प्रधान कार्यालय पोखरामा रहनेछ।

४. **प्रज्ञा प्रतिष्ठान स्वशासित र सङ्गठित संस्था हुने**: (१) प्रज्ञा प्रतिष्ठान अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) प्रज्ञा प्रतिष्ठानको आफ्नो छुट्टै छाप र प्रतीक चिन्ह (लोगो) हुनेछ।

(३) प्रज्ञा प्रतिष्ठानले प्रचलित कानून बमोजिम व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न सक्नेछ।

तर प्रज्ञा प्रतिष्ठानले अचल सम्पत्ति बेचबिखन गर्दा प्रदेश सरकारमार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. **प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार**: यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतको संरक्षण, संवर्द्धन र विकास गर्ने,

(ख) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतसँग सम्बन्धित सामग्रीको सङ्कलन, अध्ययन, अनुसन्धान गरी कृति प्रकाशन गर्ने, गराउने,

(ग) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विविध विषयमा प्रादेशिक,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, साहित्य महोत्सव, मञ्चन, प्रदर्शनी तथा प्रतियोगिताको आयोजना गर्ने, गराउने,

(घ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयमा प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग प्रचलित कानून बमोजिम सम्बन्ध कायम गरी पारस्परिक सहयोगको आदानप्रदान गर्ने,

(ङ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिने,

(च) स्वदेशी एवं विदेशी उत्कृष्ट कृतिको अनुवाद तथा प्रकाशन गर्ने, गराउने,

(छ) विभिन्न जात जातिका मौलिक संस्कृति र पहिचानको जगेर्ना गर्ने,

(ज) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका ग्रन्थ र सामग्री संग्रह गर्ने,

(झ) लोकसाहित्य, लोकसङ्गीत, लोकनृत्य समेतका विधाका श्रव्यदृश्य सामग्रीको निर्माण, सङ्कलन, अध्ययन, अनुसन्धान गरी अभिलेख राख्ने,

(ञ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयका प्रतिभालाई प्रोत्साहित एवं विकास गर्ने वातावरण सृजना गर्ने,

(ट) प्रदेशका लोपोन्मुख भाषा, लिपि, साहित्य, लोक साहित्य, कला र संस्कृतिको संरक्षण, संवर्द्धन, खोज र विकास गर्ने,

(ठ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीतका मौलिकता र विशिष्टतालाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जगतमा प्रचारप्रसार गर्ने।

परिच्छेद-३

**प्रज्ञा प्रतिष्ठानको सङ्गठन संरचना**

६. **प्रज्ञा प्रतिष्ठानको सङ्गठन**: प्रज्ञा प्रतिष्ठानको सङ्गठन संरचना देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञ सभा र

(ख) प्राज्ञ परिषद्।

७. **प्राज्ञ सभा**: (१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्राज्ञ सभा रहनेछ।

(२) प्राज्ञ सभाको गठन देहाय बमोजिम हुनेछ :

(क) कुलपति - अध्यक्ष

(ख) उपकुलपति - उपाध्यक्ष

(ग) सचिव, सामाजिक विकास मन्त्रालय - सदस्य

(घ) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला नाट्यकला, सङ्गीत समाजशास्त्र र दर्शनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट कम्तीमा आठ जना महिलासहित मुख्यमन्त्रीले मनोनीत गरेका चौवीस जना -सदस्य

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरू मध्येबाट मुख्यमन्त्रीले तोकेको सदस्यले प्राज्ञ सभाको सदस्य-सचिव भई काम गर्नेछ।

(४) उपदफा (२) बमोजिम मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ ।

(५) कुनै कारणले प्राज्ञ सभाका मनोनित सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिका लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट सदस्यको मनोनयन गरिनेछ।

(६) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनित सदस्यहरूले पारिश्रमिक पाउने छैनन। निजहरूले पाउने बैठक भत्ता लगायतका अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

८. **<u>सिफारिस समिति</u>**ः (१) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका प्राज्ञ सभाका सदस्य र प्रज्ञा प्रतिष्ठानका पदाधिकारीको मनोनयन तथा नियुक्तिका लागि मुख्यमन्त्री समक्ष नाम सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) सामाजिक विकास मन्त्री - संयोजक

(ख) गण्डकी विश्व विद्यालयको कुलपति - सदस्य

(ग) प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सभाको सदस्यमा मनोनयनको लागि नाम सिफारिस गर्दा भाषा, साहित्य, लोक साहित्य, ललितकला, नाट्यकला, सङ्गीत, संस्कृति सम्बन्धी विधामा सृजना, अध्ययन तथा अनुसन्धान गरेका वा सो विधामा ख्याति आर्जन गरेका व्यक्तिहरूमध्येबाट सम्भव भएसम्म सबै जाति तथा भाषाभाषीलाई समेट्ने गरी र उक्त सबै विधाबाट प्रतिनिधित्व हुने गरी नाम सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

९. **<u>प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार</u>**ः प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रज्ञा प्रतिष्ठानको नीति, योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कारको अनुमोदन गर्ने,

(ग) परिषद्लाई आवश्यक निर्देशन दिने र मार्गदर्शन गर्ने,

(घ) परिषद्का कामको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको कामका निम्ति आवश्यकताअनुसार विभागहरूको गठन गर्ने,

(च) भाषा, साहित्य, लोक साहित्य, संस्कृति, ललितकला, नाट्यकला, सङ्गीत सम्बन्धी विषयमा विशिष्ट योगदान पुऱ्याएका प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्ति वा संस्थालाई विद्वत्वृत्ति, पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने,

(छ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानसँग आवश्यक सम्बन्ध र समन्वय कायम गर्ने,

(ज) दफा ५ मा उल्लेख भए बमोजिमका काम गर्ने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने।

१०. **प्राज्ञ सभाको बैठकः** (१) प्राज्ञ सभाको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ।

(२) प्राज्ञ सभाको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) प्राज्ञ सभाको बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ।

(४) प्राज्ञ सभामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) अध्यक्षले प्राज्ञ सभाको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछ।

(६) प्राज्ञ सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) प्राज्ञ सभाको बैठकको निर्णय सभाका सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) प्राज्ञ सभाले प्रज्ञा प्रतिष्ठानका प्रमुख संरक्षक, संरक्षक र आजीवन सदस्यलाई सभाको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) प्राज्ञ सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. **प्राज्ञ परिषद्को गठनः** (१) प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायका रूपमा काम गर्न एक प्राज्ञ परिषद् रहनेछ।

(२) प्राज्ञ परिषद्को गठन देहाय बमोजिम हुनेछ :-

(क) कुलपति - अध्यक्ष

(ख) उपकुलपति - उपाध्यक्ष

(ग) सभाका मनोनित सदस्यहरू मध्येबाट कम्तीमा एक जना महिला सहित मुख्यमन्त्रीले मनोनित गरेको चार जना - सदस्य

(३) प्राज्ञ सभाको सदस्य-सचिवले प्राज्ञ परिषद्को सदस्य-सचिव भई काम गर्नेछ।

(४) उपदफा (२) को खण्ड (ग) बमोजिम मनोनित सदस्यहरू प्राज्ञ सभाको सदस्य रहेसम्म प्राज्ञ परिषद्को सदस्यमा बहाल रहने छन्।

(५) कुनै कारणले उपदफा (२) को खण्ड (ग) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनित भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(६) प्राज्ञ परिषद्का सदस्यहरूले पारिश्रमिक पाउने छैनन् र निजहरूले पाउने बैठक भत्ता तथा अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले आफ्नो कार्य सम्पादन गरी आय आर्जन गरेको रकमबाट प्राज्ञ सभाले निर्णय गरी तोकिए बमोजिम प्राज्ञ परिषद्का सदस्यहरूलाई पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन।

(८) परिषद्का पदाधिकारीहरूको नियुक्ति एउटै पदमा दुई कार्यकाल भन्दा बढी हुने छैन ।

१२. **<u>प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार</u>**ः प्राज्ञ परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञ सभाले गरेका निर्णय कार्यान्वयन गर्ने,

(ख) प्राज्ञ सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखापरीक्षणको प्रतिवेदन सभासमक्ष पेश गर्ने,

(घ) सदस्य-सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा

आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेश गर्ने,

(ङ) प्रज्ञा प्रतिष्ठानको चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,

(च) प्रज्ञा प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) प्रज्ञा प्रतिष्ठानका लागि प्राप्त आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(ज) पुस्तकालय, वाचनालय, सङ्ग्रहालय, ग्यालरी, रङ्गमञ्च र नाट्यशालाको स्थापना गर्ने,

(झ) विद्वत्वृत्ति, सम्मान, कदर, तथा पुरस्कार अनुमोदनका लागि प्राज्ञ सभामा पेश गर्ने,

(ञ) परिषद्को काम कारबाहीका सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने।

१३. **प्राज्ञ परिषद्को बैठकः** (१) प्राज्ञ परिषद्को बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा चौबिस घण्टा अगावै बैठकमा छलफल हुने विषय सहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) परिषद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) प्राज्ञ परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन् ।

(६) प्राज्ञ परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) प्राज्ञ परिषद्को बैठकको निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) प्राज्ञ परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-४

**प्रमुख संरक्षक, संरक्षक, पदाधिकारी तथा कर्मचारी**

१४. **प्रमुख संरक्षक**: मुख्यमन्त्री प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक हुनेछ।

१५. **संरक्षक**: सामाजिक विकास मन्त्री प्रज्ञा प्रतिष्ठानको संरक्षक हुनेछ।

१६. **कुलपति**: (१) प्रज्ञा प्रतिष्ठानमा एक कुलपति रहनेछ।

(२) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरू मध्येबाट मुख्यमन्त्रीले कुलपतिको नियुक्ति गर्नेछ।

(३) कुलपतिले प्रज्ञा प्रतिष्ठानको प्रमुख प्रशासकीय पदाधिकारीको रुपमा समेत काम गर्नेछ।

१७. **कुलपतिको काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्राज्ञ सभा तथा प्राज्ञ परिषद्ले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने,

(ग) प्रज्ञा प्रतिष्ठानको काम, कारबाही तथा कर्मचारी प्रशासनको सामान्य नियन्त्रण गर्ने,

(घ) प्राज्ञ परिषद्को स्वीकृति लिई प्रज्ञा प्रतिष्ठानका तर्फबाट करार गर्ने,

(ङ) स्वदेशी तथा विदेशी सङ्घ संस्था एवम् सङ्घ तथा अन्य प्रदेशका प्रज्ञा प्रतिष्ठानहरूसँग सम्बन्धित विषयमा प्रचलित कानून बमोजिम आवश्यक सम्बन्ध कायम गर्ने,

(च) प्राज्ञ सभा तथा प्राज्ञ परिषद्ले समयसमयमा दिएका निर्देशन कार्यान्वयन गर्ने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१८. **उपकुलपति**ः (१) प्रज्ञा प्रतिष्ठानमा एक उपकुलपति रहनेछ।

(२) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यहरू मध्येबाट मुख्यमन्त्रीले उपकुलपतिको मनोनयन गर्नेछ।

१९. **उपकुलपतिको काम, कर्तव्य र अधिकार**ः उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञ सभा तथा प्राज्ञ परिषद्को उपाध्यक्षको रुपमा काम गर्ने,

(ख) कुलपतिको अनुपस्थितिमा प्राज्ञ सभा तथा प्राज्ञ परिषद्को अध्यक्षता गर्ने,

(ग) कुलपतिले तोकेका अन्य काम गर्ने।

२०. **सदस्य-सचिव**ः प्राज्ञ सभा तथा प्राज्ञ परिषद्को सदस्य-सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२१. **पारिश्रमिक सम्बन्धी व्यवस्था**ः (१) कुलपति, उपकुलपति र सदस्य-सचिवको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) कुलपति, उपकुलपति र सदस्य-सचिवले प्रज्ञा प्रतिष्ठानमा पूरा समय काम गर्नेछन्।

२२. **पद रिक्त हुने अवस्था**ः देहायका अवस्थामा पदाधिकारी र सभाका सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) निजको पदावधि समाप्त भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) निज दफा २३ बमोजिम पदबाट हटेमा, वा

(च) निजको मृत्यु भएमा।

२३. **पदबाट हटाउन सक्ने**ः (१) पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले मुख्यमन्त्री समक्ष

लिखित निवेदन दिएमा मुख्यमन्त्रीले सभाका सदस्यहरू मध्येबाट एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्नेछ र मुख्यमन्त्रीले त्यस्तो प्रतिवेदन छलफलका लागि सभा समक्ष राखे व्यवस्था गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुँदा सभाका बहुमत सदस्यबाट पदाधिकारी वा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीतापूर्वक काम नगरेको वा निजमा कार्यदक्षताको अभाव भएको भनी निर्णय गरेमा मुख्यमन्त्रीले त्यस्तो पदाधिकारी वा सभाका सदस्यलाई निजको पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदाधिकारी वा सभाका सदस्यलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(५) यस दफा बमोजिमको कारबाही पूरा नभएसम्म उपदफा (१) बमोजिमको आरोप लागेको पदाधिकारी वा सदस्यले प्रज्ञा प्रतिष्ठानको कुनै पनि काम कारबाहीमा भाग लिन पाउने छैन।

२४. **कर्मचारी**:(१) प्रज्ञा प्रतिष्ठानमा तोकिएको सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति प्रदेश लोक सेवा आयोगको सिफारिसमा गरिनेछ र सो नभएसम्म प्रदेश सरकारले खटाउन सक्नेछ।

परिच्छेद -५

## कोष तथा लेखा नियन्त्रण

२५. **प्रज्ञा प्रतिष्ठानको कोष**: (१) प्रज्ञा प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१)बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारबाट प्राप्त सहयोग रकम,

(ग) विदेशी सरकार वा संघसंस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(घ) सङ्घ, संस्था वा व्यक्ति वा दानदातव्यबाट प्राप्त रकम,

(ङ) प्रतिष्ठानले आफ्नो कार्य सम्पादन गरी आर्जन गरेको रकम, र

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम विदेशी सरकार, संघसंस्था वा व्यक्तिबाट सहयोग प्राप्त गर्नु अघि प्रज्ञा प्रतिष्ठानले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको रकम प्रज्ञा प्रतिष्ठानले तोकेको बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) प्रज्ञा प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(६) प्रज्ञा प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ।

२६. **लेखा र लेखापरीक्षण**: (१) प्रज्ञा प्रतिष्ठानको आयव्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) प्रज्ञा प्रतिष्ठानको लेखाको अन्तिम लेखा परीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ।

## परिच्छेद—६

## विविध

२७. **मानार्थ प्राज्ञ तथा आजीवन सदस्यता**: (१) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीतको विकासमा विशिष्ट योगदान पुऱ्याएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा गण्डकी प्रदेशको गौरव बढाउने स्वदेशी वा विदेशी व्यक्तिलाई प्राज्ञ सभाले प्राज्ञ परिषद्को सिफारिसमा प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ सदस्यता प्रदान गर्न सक्नेछ।

(२) भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीत सम्बन्धी विषयमा विशिष्ट योगदान पुऱ्याउने नेपाली नागरिकलाई सभाले प्रज्ञा प्रतिष्ठानको आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम मानार्थ प्राज्ञ सदस्यता तथा आजीवन सदस्यता प्रदान गर्ने आधार तोकिए बमोजिम हुनेछ।

(४) प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्यले पारिश्रमिक पाउने छैनन्। निजहरूले पाउने बैठक भत्ता लगायतका अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

(५) सभाले मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यलाई तोकिएको अवस्थामा सदस्यताबाट हटाउन सक्नेछ।

(६) यस दफा बमोजिमका मानार्थ प्राज्ञ सदस्य र आजीवन सदस्यलाई प्राज्ञ सभामा मतदानको अधिकार हुने छैन।

२८. **सम्मान तथा पुरस्कार प्रदान गर्न सक्ने**ः प्राज्ञ सभाले भाषा, साहित्य, संस्कृति, ललितकला, नाट्यकला वा सङ्गीत सम्बन्धी विषयमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

२९. **प्रतिवेदन पेश गर्नु पर्ने**ः प्रज्ञा प्रतिष्ठानले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

३०. **शपथ**ः आफ्नो कार्यभार सम्हाल्नु अघि कुलपतिले मुख्यमन्त्री समक्ष र उपकुलपति, प्राज्ञ सभाका सदस्य र प्राज्ञ सभाका सदस्य-सचिवले कुलपति समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

३१. **अधिकार प्रत्यायोजन** : (१) प्राज्ञ सभाले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञ परिषद्लाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञ परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुलपति वा प्राज्ञ सभाको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कुलपतिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञ सभाको सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

३२. **सम्पर्क मन्त्रालय** : प्रज्ञा प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा सामाजिक विकास मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

३३. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले प्रज्ञा प्रतिष्ठानसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्नेछ।

अनुसूची

(दफा ३० सँग सम्बन्धित)

**शपथ**

म ............................................ देश र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ ईश्वर/ देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही गण्डकी प्रज्ञा प्रतिष्ठानको .................. पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

मितिः

नामः

पदः

सहीः

प्रमाणीकरण मिति: २०७७।०५।१९

**आज्ञाले,**

**केदारनाथ शर्मा**

**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु २५।-